# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७४/०१/०६ गते

## प्रेस विज्ञप्ति

आज मिति २०७४।०१।०६ गतेका दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सभाहलमा माननीय कार्यवाहक प्रमुख आयुक्तज्यू तथा अन्य आयुक्तज्यूहरु एवं श्रीमान् सचिवज्यूको विशेष उपस्थितिमा सहरी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुको निर्णय कार्यान्वयनको अवस्थाबारे छलफल कार्यक्रमको आयोजना गरियो।उक्त कार्यक्रममा सहरी विकास मन्त्रालयका सचिवज्यू र मातहत निकायका सम्बद्ध पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।उक्त अवसरमा सम्बन्धित मन्त्रालयका सचिवज्यूले सम्बद्ध मन्त्रालय र मातहत निकायबाट भएको निर्णय कार्यान्वयनको अवस्थाबारे अवगत गराउनुका साथै बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने प्रतिवद्धता समेत जनाउनु भयो ।

छलफलको क्रममा माननीय आयुक्त डा. गणेशराज जोशीज्यूबाट मन्त्रालयले कार्यक्रम सञ्चालन गर्दा Quality issues लाई गम्भिरतापूर्वक हेर्नुपर्ने विषयमा जोड दिंदै Construction मा Contractor हरुको मिलेमतो जस्ता प्रवृत्ति हावी हुँदै गएको सन्दर्भमा यस्ता प्रवृत्ति निरुत्साहित गर्न आगामी दिनमा मन्त्रालयको सक्रियता रहनुपर्ने विषयमा निर्देशन दिनु भएको थियो । छलफलकै क्रममा माननीय आयुक्त श्री नवीनकुमार घिमिरेज्यूवाट उजुरी माथिको छानविन प्रकृयामा मन्त्रालयले स्पष्ट स्वामित्व लिनु पर्ने, मर्मत संभारको अवधि, जग्गा सट्टा पट्टाको विषय, बाटो विस्तार, अव्यवस्थित वसोवास, भुकम्प पीडितहरुलाई दिईने अनुदान, भवन निर्माणको विषय जस्ता महत्वपूर्ण विषयलाई व्यवस्थापन गर्दा जनतालाई केन्द्र विन्दुमा राखी कार्य गर्न निर्देशन दिनुभयो। यसै क्रममा आयोगका श्रीमान् सचिवज्यूले सहरी विकास मन्त्रालयको बजेट वर्षेनी बृद्धि हुदैं गईरहेको अवस्था तर्फ इंकित गर्दै भुकम्प पछिको पूर्न:निर्माण सम्बन्धी जिम्मेवारीमा बृद्धि, सरकारी भवन निर्माण, नगर विकास समितिको जग्गा वितरण, सरकारी जग्गाको संरक्षण, भवन संहिता, सहरी सडक विस्तार र अन्य निर्माण सुधार कार्यमा सक्रियतापूर्वक लाग्नु पर्ने विषयमा जोड दिनुभयो ।

कार्यक्रमको अन्त्यमा माननीय कार्यवाहक प्रमुख आयुक्त श्री दीप वस्न्यातज्यूवाट काठमाण्डौको सडक निर्माणको ढिलासुस्तीबाट जनताको आवागमनमा परेको असुविधा प्रति चिन्ता व्यक्त गर्दै मन्त्रालयबाट विकास निर्माण सम्बन्धी कार्यरु सञ्चालन गर्दा सम्बद्ध निकायसँग समन्वय गर्न र आयोगबाट भएका निर्णयहरु शिघ्रता र प्राथमिकताका साथ कार्यान्वयन गर्न समेत निर्देशन दिनु भयो ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता